# साहसिक खेल बन्जी सञ्चालन मापदण्ड, २०७८

नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

## पर्यटन विभाग

भृकुटीमण्डप, काठमाण्डौ

प्रमाणित मितिः

# साहसिक खेल बन्जी सञ्चालन मापदण्ड, २०७८

**प्रस्तावनाः**

नेपालमा सञ्चालनमा रहेका साहसिक क्रियाकलापहरुमध्ये एक प्रमुख खेल बन्जीलाई ब्यवस्थित, जोखिमरहित एवं मनोरञ्जनात्मक तवरले सञ्चालन गर्न वाञ्छनीय भएकोले पर्यटन ऐन, २०३५ एवं पर्यटन उद्योग सेवा प्रवाह निर्देशिका, २०७० मा उल्लेखित प्रावधानहरुलाई अझ स्पष्ट तुल्याउन वाञ्छनीय भएकोले यो मापदण्ड तयार गरी नेपाल राज्यभर लागू गरिएको छ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "साहसिक खेल बन्जी सञ्चालन सम्बन्धी मापदण्ड, २०७८" रहेको छ ।

(२) यो मापदण्ड मन्त्रालयले स्वीकृत गरेको मिति देखि नेपाल राज्यभर लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमाः-

क) इजाजतपत्र" भन्नाले पर्यटन उद्योग सेवा प्रवाह निर्देशिकाको दफा ९४ बमोजिम दिईएको इजाजतपत्रलाई सम्झनुपर्छ ।

ख) "इजाजतपत्र प्राप्त व्यक्ति" भन्नाले बन्जी खेल सञ्चालन गर्न विभागबाट इजाजतपत्र प्राप्त तथा अनुमति प्राप्त ब्यक्ति वा कम्पनीलाई सम्झनुपर्छ ।

ग) "इजाजत तथा नवीकरण दस्तुर" भन्नाले अनुमति प्राप्त ब्यक्ति वा संगठित संस्थाले इजाजत लिंदा वा नवीकरण गर्दा बुझाउनुपर्ने शुल्क सम्झनुपर्छ ।

घ) "ऐन" भन्नाले पर्यटन ऐन, २०३५ लाई सम्झनुपर्छ ।

ङ) "कर्ड" भन्नाले डोरीमा अड्काउन प्रयोग हुने उपकरण वा सामाग्रीलाई बुझिन्छ ।

च) "दस्तुर" भन्नाले बञ्जी खेल सञ्चालन गर्न इजाजत वा अनुमति बापत नेपाल सरकारलाई तिर्नु वा बुझाउनुपर्ने शुल्कलाई बुझिन्छ ।

छ) "निर्देशिका" भन्नाले पर्यटन उद्योग सेवा प्रवाह निर्देशिका, २०७० लाई सम्झनुपर्छ ।

ज) "प्रारम्भिक वातावरणीय परीक्षण" भन्नाले वातावरण ऐन, २०७६ एवं नियमावली, २०७७ मा उल्लेखित परीक्षणलाई बुझ्नुपर्छ ।

झ) "महानिर्देशक" भन्नाले विभागका प्रमुखलाई जनाउनेछ । सो शब्दले महानिर्देशकको हैसियतमा कार्य गर्न तोकिएको अधिकृतस्तरको कर्मचारी समेतलाई जनाउनेछ ।

ञ) "मन्त्रालय" भन्नाले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई सम्झनुपर्छ ।

ट) “रस्सी” भन्नाले जम्प गर्दा प्रयोग हुने डोरी प्रकृतिको उपकरण वा सामाग्रीलाई बुझिन्छ ।

ठ) “विभाग” भन्नाले मन्त्रालय अन्तर्गतको पर्यटन विभागलाई सम्झनुपर्छ ।

ड) “वातावरणीय प्रभाव मूल्याङ्कन” भन्नाले वातावरण ऐन, २०७६ एवं नियमावली, २०७७ मा उल्लेख मूल्यांकनलाई बुझ्नुपर्छ ।

ढ) “संक्षिप्त वातावरणीय अध्ययन” भन्नाले वातावरण ऐन, २०७६ एवं नियमावली, २०७७ मा उल्लेख अध्ययनलाई बुझ्नुपर्छ ।

ण) “हार्नेस” भन्नाले बन्जी खेलमा प्रयोग हुने शरिर र खुट्टामा लगाउने उपकरण वा सामाग्रीलाई बुझिन्छ ।

## परिच्छेद - २

## उद्देश्य

३. उद्देश्य (१) यस मापदण्डको उद्देश्य देहाय बमोजिम हुनेछ ।

क) साहसिक खेल बन्जीलाई ब्यवस्थित, सुरक्षित, विश्वसनीय, जोखिमरहित एवं ब्यवसायको रुपमा विकास गर्दै मनोरञ्जनात्मक तवरले सञ्चालन गर्न अनुमति दिन।

ख) बन्जी खेललाई साहसिक क्रियाकलापको महत्वपुर्ण औजारको रुपमा विकास गर्न।

ग) बन्जी खेलबारे बिस्तृत सूचना तथा जानकारी उपलब्ध गराउन ।

घ) साहसिक खेल सञ्चालन सम्बन्धी नियमन गर्न।

ङ) कर्मचारी, कामदार एवं खेल खेल्ने ब्यक्ति सहित अन्य ब्यक्तिहरुको दुर्घटना विमाको व्यवस्था गर्न लगाउन ।

## परिच्छेद - ३

## इजाजत/अनुमति, नवीकरण तथा खारेजी सम्बन्धी व्यवस्था

४. दर्ता सम्वन्धी व्यवस्थाः

क) बन्जी सञ्चालनको इजाजतपत्र लिंदा पर्यटन उद्योग सेवा प्रवाह निर्देशिका २०७० को परिच्छेद ९ को दफा ९३ को क देखि ञ सम्म उल्लेखित कागजातहरु (घरेलु तथा साना उद्योग कार्यालयमा उद्योग दर्ताको प्रमाणपत्र, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी दर्ताको प्रमाणपत्र, प्रवन्धपत्र र नियमावली प्रतिलिपि, मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, शेयर लगत विवरण, कार्यसम्पादन सम्वन्धी कार्ययोजना, साहसिक खेल उद्धार सुरक्षा बीमा एवं अन्य आवश्यक कागजात) सहित अनुसूची १ को ढाँचामा पर्यटन विभागका महानिर्देशक समक्ष निवेदन पेश गर्नुपर्नेछ ।

ख) प्राप्त निवेदन उपर विभागको आन्तरिक प्रशासन तथा साहसिक पर्यटन शाखा मार्फत संलग्न कागजातहरुको जाँचवुझ गरी दर्ताका लागि आवश्यक प्रकिया अघि वढाईनेछ ।

ग) ईजाजतका लागि निवेदन पेश गर्नु अघि व्यवसाय सञ्चालन सम्वन्धि संक्षिप्त/प्रारम्भिक वातावरणीय अध्ययन कार्यसूची विभागमा गठित अनुगमन तथा सिफारिस समिति समक्ष पेश गर्नुपर्नेछ। समितिले प्रारम्भिक कार्यसूचीमा परिमार्जन हुन आवश्यक देखेमा समितिको निर्णय तथा निर्देशन अनुसार परिमार्जन सहित पेश गर्नुपर्नेछ ।

घ) निवेदकले विभागवाट संक्षिप्त/प्रारम्भिक वातावरणीय अध्ययन कार्यसूची स्वीकृत भए पश्चात मात्र संक्षिप्त/प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपर्नेछ ।

ङ) बन्जी सञ्चालकले बन्जी नाम उल्लेख गरी कम्पनी दर्ता गरी अन्य व्यवसाय सञ्चालन गर्न पाइनेछैन ।

च) कुनै एक स्थानमा स्थापना भएको बन्जी र अर्को स्थानमा स्थापना हुने वन्जी विचको दुरी कम्तीमा २० कि. मि. फरकमा मात्र सञ्चालन गर्न पाईनेछ ।

छ) साहसीक खेल सञ्चालनका क्रममा प्रयोग हुने साधनहरु अन्तराष्ट्रिय गुणस्तर चिन्हको मान्यता प्राप्त औजार उपकरण प्रयोगमा ल्याउनुपर्नेछ ।

ज) इजाजतपत्रको नविकरण गराउन इच्छुक व्यवसायीले इजाजतपत्रको अवधि समाप्त नहुदै पर्यटन उद्योग सेवा प्रवाह निर्देशिका २०७० को परिच्छेद ९ को दफा ९५(१) मा उल्लेखित कागजातहरु संलग्न राखी विभागका महानिर्देशक समक्ष निवेदन दिनुपर्नेछ ।

## ५. अनुगमन तथा सिफारिस समिति

क) ईजाजतपत्र प्राप्त गर्नका लागि विभागमा पेश हुन आएका निवेदन उपर प्रारम्भिक जाँचबुझ गर्न, कार्यसूची सम्वन्धमा परामर्श/निर्देशन दिन र अध्ययन प्रतिवेदन स्वीकृतका लागि सिफारिस गर्न देहाय वमोजिम एक अनुगमन तथा सिफारिस समिति गठन हुनेछ ।

| | | |
|---|---|---|
| १. | निर्देशक, प्रशासन तथा साहसिक पर्यटन शाखा, पर्यटन विभाग | -संयोजक |
| २. | विज्ञ प्रतिनिधि (अधिकृतस्तर), वन तथा वातावरण मन्त्रालय | -सदस्य |
| ३. | ईन्जिनियर, योजना तथा अनुगमन शाखा, पर्यटन विभाग | -सदस्य |
| ४. | कानुन अधिकृत, पर्यटन विभाग | -सदस्य |
| ५. | शाखा अधिकृत, आन्तरिक प्रशासन तथा साहसिक पर्यटन शाखा, | -सदस्य सचिव |

ख) साहसिक तथा मनोरञ्जनात्मक खेल बन्जीसँगै होटल तथा रिसोर्ट व्यवसाय सञ्चालन भएको खण्डमा समितिमा विभागका होटल शाखा शाखा अधिकृत पदेन सदस्यको रुपमा रहनेछन् ।

ग) समितिले आवश्यक ठानेमा वैठकमा आवश्यकता अनुसार विभिन्न निकाय/विभाग/कार्यालयका बढीमा ३ जना पदाधिकारी/कर्मचारीलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

६. इजाजत पत्र/अनुमति सम्बन्धी व्यवस्थाः

क) **अनुमति नलिई बन्जी व्यवसाय सञ्चालन गर्न नहुनेः** पर्यटन ऐन, २०३५ तथा पर्यटन उद्योग सेवा प्रवाह निर्देशिका, २०७० एवं यस मापदण्ड बमोजिम इजाजत नलिई कसैले पनि बन्जी व्यवसाय सञ्चालन गर्न हुँदैन ।

ख) **अनुमतिको लागि निवेदन दिनुपर्नेः** बन्जी व्यवसाय सञ्चालकहरुले पर्यटन उद्योग सेवा प्रवाह निर्देशिका, २०७० को अनुसूची (१) बमोजिमको ढाँचामा पर्यटन विभाग समक्ष निवेदन दिनुपर्नेछ ।

ग) विभाग समक्ष पर्न आएका निवेदन निर्देशिकाको प्रक्रिया बमोजिम अनुसूची (२) को ढाँचामा अनुमतिपत्र प्रदान गरिनेछ ।

घ) बन्जी व्यवसाय सञ्चालन गर्दा यस मापदण्डले तोके बमोजिमका सुरक्षात्मक उपाय अपनाउनुपर्छ ।

ङ) यस मापदण्ड लागू हुँदाका बखत सञ्चालन रहेका न्यूनतम मापदण्ड पुरा नभएका बन्जी व्यवसायिक कम्पनीहरुलाई बढीमा ३ (तीन) महिनाको समय अवधिभित्र आवश्यक प्रक्रिया पुरा गरी अनुमतिका लागि निवेदन दिई सक्नुपर्नेछ ।

च) नयाँ इजाजत लिने कम्पनीहरुले यसै मापदण्ड बमोजिमका प्रावधानहरुलाई अवलम्वन गर्नुपर्नेछ ।

छ) यस मापदण्ड बमोजिम बन्जीका लागि दिईएका अनुमति पत्र ५ बर्षको समय अवधि पुरा भएपश्चात नविकरण गर्नुपर्नेछ। म्याद सकिएपछि नविकरण गराउँदा निर्देशिकाको दफा ९४ बमोजिम थप दस्तुर लाग्नेछ तर प्रत्येक आर्थिक बर्षको अन्त्यमा प्रगति विवरण अनिवार्य विभाग समक्ष पेश गर्नुपर्नेछ ।

७. व्यवसायको दर्ता खारेजी

क) व्यवसायीले सञ्चालनमा ल्याएको साहसिक खेल बन्द गर्दा व्यवसाय बन्द गर्नुपर्नाको कारण, चालु आर्थिक बर्ष सम्मको लेखापरीक्षण प्रतिवेदनहरु र चालु आर्थिक बर्ष सम्मको करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सहित विभागलाई जानकारी गराउनुपर्नेछ ।

ख) निर्देशिकामा उल्लेख गरिएका प्रावधानहरु कार्यान्वयन नगरेमा व्यवसायको इजाजत-पत्र स्वतः खारेज हुनेछ ।

## परिच्छेद - ४
## दस्तुर/शुल्क र जमानत सम्बन्धी व्यवस्था

८. दस्तुर/शुल्क र जमानत सम्बन्धी व्यवस्थाः

क) यस मापदण्ड बमोजिम बन्जी सञ्चालन सम्बन्धमा अनुमति दिंदा बुझाउनुपर्ने राजस्व दस्तुर नेपाल सरकारको राजस्व खातामा पर्यटन विभाग मार्फत दाखिला गर्नुपर्नेछ ।

ख) सेवा शुल्क सम्बन्धी व्यवस्थाः

१. बन्जी व्यवसाय विभागमा दर्ता नगरी सञ्चालन गर्न पाईनेछैन ।

२. ५ बर्षको अनुमति लिंदा वा नवीकरण गर्दा रु.१० लाख बराबरको बैंक जमानत सक्कलै बनाई विभाग समक्ष पेश गनुपर्नेछ ।

३. बन्जी सञ्चालकले एकरुपता एवं पारदर्शी मूल्य कायम गर्नका लागि एक पटकको लागि बढीमा रु. ६,०००।- (अक्षररुपी छ हजार रुपैयाँ) सम्म शुल्क कायम गर्न सक्नेछ । यदि सोही दिन कुनै ब्यक्तिले दोश्रोपटक वन्जी गर्न चाहेमा ५० प्रतिशत छुटमा, तेश्रो पटक चाहेमा शुरु मूल्यको कम्तिमा ६० प्रतिशत छुटमा, चौथोपटक वा सो भन्दा बढी पटक सोही ब्यक्तिले बन्जि खेल्न चाहेमा निःशुल्क वन्जी खेल्न दिन सक्नेछ ।

४. बन्जी सञ्चालकले शुल्क लिंदा आन्तरिक राजस्व कार्यालयबाट प्रमाणित वा सो अनुसार प्रमाण हुने रसिद प्रदान गरी लिनुपर्नेछ ।

## परिच्छेद - ५
## सुरक्षा सम्बन्धी व्यवस्था

९. सुरक्षा सम्बन्धी व्यवस्थाः

क) बन्जी सञ्चालनका लागि आवश्यक न्यूनतम सुरक्षाको व्यवस्था सम्बन्धित सञ्चालकले गर्नुपर्नेछ। न्यूनतम सुरक्षात्मक उपकरणहरु अनुसूची (३) मा व्यवस्था भए बमोजिम हुनेछन ।

ख) खेल खेल्ने क्रममा कुनै दुर्घटना भई घाईते, अंगभंग वा मृत्यु भएमा घाईतेको उपचार र मृतकको बीमा बापतको रकम सञ्चालकले उपलब्ध गराउनुपर्नेछ । बीमा सम्बन्धी व्यवस्था अनुसूची (४) मा उल्लेख भए बमोजिम गर्नुपर्नेछ ।

ग) सुरक्षित र प्रचलित कानून बमोजिम मापदण्ड पुगेका बन्जीका सामानहरु मात्र प्रयोग गर्न पाईनेछ।

घ) बन्जी सञ्चालकले अनिवार्य रुपमा जम्प माष्टरको व्यवस्था गरेको हुनुपर्नेछ ।

ङ) सेवाग्राही वा ग्राहकको सुरक्षा प्रवन्ध गर्न हेलमेट/कर्ड आदिको व्यवस्था गरेको हुनुपर्नेछ ।

च) बन्जी खेल्ने ब्यक्तिले कुनैपनि किसिमको घडी, गहनाहरु लगाएर खेल्न जानुहुँदैन ।

छ) कुनै दुर्घटना घटेमा उद्धारको लागि रेस्क्यू टिम, प्रचलित कानून बमोजिम आवश्यक योग्यता पुगेको जनशक्ति सहित प्राथमिक उपचारको (First aid kit box) व्यवस्था गरेको हुनुपर्नेछ ।

ज) सुरक्षाको जानकारीको लागि बन्जी सञ्चालकले सम्बन्धित क्षेत्रभित्र जोखिमपूर्ण खेल हो भन्ने यथाशक्य धेरै संकेत चिन्ह, सुरक्षा पर्चा, पम्पलेटहरु प्रयोग गर्नुपर्नेछ। बन्जी खेल खेल्ने ब्यक्तिलाई पूर्व स्वास्थ्य परीक्षण गराएर मात्र खेल्ने अनुमति दिनुपर्नेछ ।

झ) कुनै प्रकारको सर्जरी तथा मुटुरोग, उच्च रक्तचाप, दम, हाडजोर्नी समस्या, नशा सम्बन्धी रोग, मानसिक बिरामी, मिर्गी तथा छारेरोग, गर्भवती महिला, आँखाको सर्जरी गरेको, कृत्रिम अंग भएको, हर्नियाको बिरामी भएको, तोकिए भन्दा कम र बढी तौल भएका मानिसहरुलाई बन्जी खेल खेल्न दिनुहुँदैन ।

ञ) बन्जी खेलमा सहभागी हुने महिलाले हिल भएको जुत्ता/चप्पल लगाएर जम्प गर्न पाउनेछैन ।

ट) बन्जी खेल्ने ब्यक्तिको खेल्दाको अवस्थाको फोटो, भिडियो सम्बन्धित खेल खेल्ने ब्यक्तिको अनुमति बिना बन्जी सञ्चालन गर्ने कम्पनीको विज्ञापनको लागि प्रयोग गर्न पाईनेछैन ।

ठ) आपतकालीन अवस्था परेमा खबर गर्न खेल खेल्नु पूर्व बन्जी खेल्ने ब्यक्तिको नजिकको नातेदारको नाम ठेगाना, फोन नम्वर समेतको विवरण उल्लेख गरि कागज गराई सहीछाप गराउनुपर्नेछ ।

ड) कुनैपनि मादक पदार्थ सेवन गरि खेल खेल्न आएमा सञ्चालकले अनुमति दिनुहुँदैन।

ढ) सञ्चालकले कुनैपनि असम्बन्धित ब्यक्तिलाई बन्जी जम्प गर्ने स्थानको मध्य भागमा जान दिनुहुँदैन ।अनुमति लिएर जाने ब्यक्तिलाई सुरक्षाका उपायहरु हार्नेस, रस्सी जस्ता उपकरण तथा सामाग्रीहरु लगाएर मात्र लैजानुपर्नेछ ।

## परिच्छेद - ६
## तौल, उमेर र समय

१०. तौल, उमेर र समय सम्बन्धी ब्यवस्थाः

क) साहसिक खेल बन्जी खेल्ने ब्यक्तिको तौल कम्तिमा ४० के. जी. र बढीमा १३० के. जि. भन्दा माथी हुनेछैन ।

ख) साहसिक खेल बन्जी खेल्ने ब्यक्तिसँग कुनैपनि अनुभवको आवश्यकता पर्नेछैन । तर खेल खेल्ने ब्यक्तिको उमेर कम्तिमा १६ बर्ष र बढीमा ७० बर्ष भन्दा माथी हुनेछैन। त्यसका

लागि प्रमाणित कागजातहरु नागरिकता, जन्मदर्ताको प्रमाणपत्र जस्ता कागजातहरुको आधार हेरी प्रमाण स्वरुप अभिलेख राख्नुपर्नेछ ।

ग) साहसिक खेल बन्जी खेल्ने उपयुक्त समय वर्षभरी नै हुनेछ । तर हुस्सु लागेको, कुहिरो लागेको, हिउँ परेको, पानी परेको अवस्था जस्तै खराव मौसमको समयमा सञ्चालकले खेल सञ्चालन गराउनु हुँदैन ।

## परिच्छेद - ७
## योग्यता र अनुभव सम्बन्धी व्यवस्था

११. बन्जी सञ्चालक कम्पनीमा हुनुपर्ने योग्यता र अनुभव सम्बन्धी ब्यवस्थाः

क) साहसिक खेल बन्जी खेल्ने ब्यक्ति कुनै कारणवश अडकिएको अवस्थामा प्रयोग भएको रस्सी सहित मेशिनले तान्न नसक्ने अवस्था भएमा तालिम प्राप्त १/५ अनुपातमा जनशक्तिको व्यवस्था भएको हुनुपर्नेछ ।

ख) बन्जी खेल गराउने जम्प माष्टर अन्तराष्ट्रिय स्तरको तालिम लिएको, दुई भन्दा बढी भाषामा दख्खल भएको र कम्तिमा ५ बर्षको अनुभव प्राप्त इजाजत प्राप्त ब्यक्ति हुनुपर्नेछ ।

ग) रेस्क्यु टिम, बन्जी सञ्चालक र अन्य कर्मचारी तथा कामदारहरुले सञ्चार सेट प्रयोग गर्दा अनिवार्य रुपमा सम्बन्धित निकायको स्वीकृति तथा अनुमति लिएर मात्र सञ्चालनमा ल्याउनुपर्नेछ ।

## परिच्छेद - ८
## मेशिनरी उपकरण तथा सामाग्री

१२. मेशिनरी उपकरण तथा सामग्री सम्बन्धी ब्यवस्थाः

क) साहसिक खेल बन्जी अग्लो स्थानमा स्थापित पुल, भवन, क्रेन वा यस्तै प्रकृतिका अन्य संरचनाबाट गराईनुपर्नेछ। खेलमा सहभागिता जनाउनेलाई अनिवार्य रुपमा अन्तर्राष्ट्रिय गुणस्तर प्राप्त कम्पनीबाट लचकदार बन्जी कर्ड (Elastic Cord), तौल अनुसारको फरक फरक हार्नेस, गुणस्तरीय रस्सी जस्ता सामानहरु कम्पनीले प्रयोगमा ल्याउनुपर्नेछ । यस सम्बन्धमा विभागबाट इजाजत/अनुमति दिनुपूर्व निरीक्षण गरी ठहर गरे बमोजिम हुनुपर्नेछ ।

ख) बन्जी खेलमा प्रयोग हुने बन्जी कर्डलाई सुरक्षाको दृष्टिले कर्डको अवस्था हेरी कुनै खरावी नदेखिएमा ५०० पटक देखी ७०० पटकसम्म र बढीमा ६ महिना समयावधि सम्म मात्र जम्प गरेपश्चात् अनिवार्य रुपमा परिवर्तन गर्नुपर्नेछ ।

ग) बन्जी खेल्ने ब्यक्तिलाई उसको शरिरमा र खुट्टा (Ankle) मा गरि दुईवटा हार्नेसको प्रयोग अनिवार्य रुपमा गर्नुपर्नेछ ।

घ) बन्जी सञ्चालकले खेल खेल्ने व्यक्तिले थप सुरक्षित महशुस गर्न चाहेको अवस्थामा निश्चित शुल्क लिएर थप रबर कर्डको व्यवस्था गर्न सक्नेछ ।

ङ) मेशिनरी सामग्रीहरु सफा, सुरक्षित तवरले राखेको हुनुपर्नेछ । रस्सी, हार्नेस जस्ता घामपानीबाट असर पर्ने सामानहरुलाई प्रत्येक दिन उपयुक्त तापक्रम मिल्ने एयर कुलरमा स्टोरेज गर्नुपर्नेछ ।

## परिच्छेद - ९

## बाधा अडकाउ फुकाउ, थपघट तथा ब्याख्या

१३. यस मापदण्डको अन्तिम ब्याख्या, थपघट एवं बाधा अडकाउ फुकाउने कार्य पर्यटन विभागले गर्नेछ ।

## परिच्छेद - १०

## परिमार्जन तथा संशोधन

१४. यस मापदण्डलाई आवश्यकता अनुसार परिमार्जन तथा संशोधन गर्न सकिनेछ

# अनुसूची १

(परिच्छेद-३ दफा ४(क) संग सम्वन्धित)

## बन्जी खेल सञ्चालन एजेन्सीको इजाजतपत्रको लागि दिईने निवेदनको ढाँचा

श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय,
पर्यटन विभाग, भृकुटीमण्डप, काठमाडौं ।

विषयः इजाजतपत्र पाउँ ।

महोदय

मैले/हामीले साहसीक खेल बन्जी सञ्चालन गर्नका लागि देहायमा उल्लेख गरिए वमोजिम विवरण खुलाई बन्जी व्यवसाय सञ्चालन इजाजतपत्र प्राप्त गर्नाका लागि यो दरखास्त पेश गरेको छु ।

१. बन्जी व्यवसायीकोः-

(क) नामः-

(ख) ठेगानाः-

(ग) शेयर धनी ÷ प्रोपाइटरको नाम र विवरणः-

| क.स | नाम थर | उमेर | ठेगाना | शेयर वा हिस्सा | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | रकम | प्रतिशत | |
| १ | | | | | | |

२. बन्जी व्यवसायमा लगानी गरिने पूँजीको विवरणः

(क) कम्पनीको चुक्ता पूँजीः-

(ख) कम्पनीको जारी पूँजीः-

(ग) कम्पनीको अधिकृत पूँजीः-

(घ) कम्पनीको स्थिर पूँजीः-

(ङ) फर्म भए फर्मको जायजेथाः-

३. आगामी तीन वर्षमा सेवा पुर्याउने अनुमानित पर्यटक संख्या र मुद्रा आर्जन सम्बन्धी विवरणः-

| क.सं. | वर्ष | पर्यटकको अनुमानित संख्या | | अनुमानित मुद्रा आर्जन | | पर्यटक ल्याउने प्रमुख संभाव्य देशहरू | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | स्वदेशी | विदेशी | ने. रु. | यु. एस. डलर | | |
| १ | पहिलो वर्ष | | | | | | |
| २ | दोस्रो वर्ष | | | | | | |
| ३ | तेस्रो वर्ष | | | | | | |

४. प्रस्तावित जनशक्तिको विवरणः-

| बन्जी मास्टर | प्रशासनिक | लेखा | अन्य | जम्मा |
|---|---|---|---|---|
| ..........जना | ..........जना | ..........जना | ..........जना | ..........जना |

५. बन्जी सञ्चालन गर्न आवश्यक हुने साधनहरूको प्रस्तावित विवरणः-

| क स | सामाग्रीको विवरण | अनुमानित संख्या | खरिद गर्ने (अन्तराष्ट्रिय गुणस्तर चिन्ह समेत उल्लेख गर्नुपर्ने) | भाडामा लिने(अन्तराष्ट्रिय गुणस्तर चिन्ह समेत उल्लेख गर्नुपर्ने) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

६. विदेशी बन्जी व्यवसायी वा अन्य त्यस्तै प्रकृतिका व्यवसायीसँग सम्बद्धता भए सो को विवरणः-

क) कम्पनीको नामः-

ख) टेलिफोन नं.-

ग) फ्याक्स नं.-

घ) ठेगानाः-

ङ) इमेल ठेगानाः-

७. अन्य आवश्यक कुनै कुरा भए ........ ............. .......................

८. संलग्न गर्नु पर्ने कागजातः-

(क) कम्पनी भए कम्पनीको प्रबन्धपत्र र नियमावलीको प्रतिलिपि ।

(ख) फर्म भए फर्म दर्ता भएको प्रमाणपत्र ।

(ग) नेपाली नागरिकताको प्रतिलिपि ।

माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदकको,-

सहीः-

नामः-

पूरा ठेगानाः-

मितिः-

# अनुसूची २

(परिच्छेद-३ दफा ६(ग) संग सम्वन्धित)

## अनुमतिपत्रको ढाँचा

मिति: ..../../..

विषयः अनुमति प्रदान गरिएको ।

श्री ....................................

..............................,नेपाल ।

तपाईं श्री ...................................... समेत शेयर धनी रहेको श्री ...................................... प्रा.लि नामको कम्पनी नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंबाट मिति ..../../.. (....-..-.. A.D.) मा प्रा.लि. को रुपमा दर्ता भएकोले त्यस प्रा.लि. लाई प्रबन्धपत्रमा उल्लेखित उद्देश्यहरुमध्ये प्रचलित कानुन अनुसार **साहसिक तथा मनोरञ्जनात्मक व्यवसाय ............गर्न पाउने कार्यहरु मात्र** सञ्चालन गर्न पाउने गरी मिति ......................... को निर्णयानुसार **मिति** ................. **देखि** ....................... (..................to...............) सम्मका लागि देहायका शर्तहरुको पालना गर्ने गरी **इजाजत नं. .../20../..** को इजाजतपत्र जारी गरी व्यवसाय सञ्चालन गर्न अनुमति प्रदान गरिएको छ।

शर्तहरु:

१. पर्यटन उद्योग सेवा प्रवाह निर्देशिका, २०७० को परिच्छेद-९ को दफा ९३, ९४, ९६ र ९९ बमोजिमका प्रावधानहरु पालना गर्ने एवं दफा ९७ बमोजिमका निर्देशनहरु समेत कार्यान्वयन गरी तोकिएको समयमा व्यवसाय सञ्चालन व्यवस्थापन सम्बन्धी प्रतिवेदन विभागमा पेश गर्नुपर्नेछ ।

२. आफूले पाएको इजाजतपत्र कार्यालयमा सबैले देख्ने ठाउँमा राख्नुपर्नेछ । इजाजतपत्रको नवीकरण गराउन चाहेमा पर्यटन उद्योग सेवा प्रवाह निर्देशिका, २०७० को दफा ९५ बमोजिम म्याद समाप्त हुन अगावै इजाजतपत्र नवीकरण गराइसक्नु पर्नेछ ।

३. इजाजतपत्रमा तोकिएको क्षेत्रमा मात्र व्यवसाय गर्नु/गराउनु पर्नेछ। मनोरञ्जनात्मक खेल बञ्जी व्यवसाय सञ्चालन गर्दा/गराउँदा एजेन्सी वा पर्यटकले पालना गर्नुपर्ने वातावरणीय सरसफाई तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी ऐन, नियमले तोकेको र अन्य व्यवस्थाहरुको पूर्ण पालना गर्नुपर्नेछ ।

४. खेल सञ्चालन तथा सुरक्षा व्यवस्था सहितको Standard Operating Procedure (SOP) स्वीकृत गराई लागू गर्नुपर्नेछ ।

५. मनोरञ्जनात्मक खेल बञ्जीमा भाग लिने प्रत्येक व्यक्ति, कर्मचारी एवं संलग्न हुने कामदारहरुको नेपाल सरकारद्वारा मान्यता प्राप्त बीमा कम्पनीसँग बीमा गराई बीमा सुरक्षित राख्नुपर्नेछ ।

६. मनोरञ्जनात्मक खेल बञ्जी व्यवसाय गर्दा/गराउँदा सम्बन्धित कामको लागि नियुक्त कामदारको मात्र सेवा लिनुपर्नेछ।

७. प्रबन्धपत्रमा जे उद्देश्य समावेश भएता पनि मनोरञ्जनात्मक खेल बञ्जी सञ्चालन गर्न पाउने एजेन्सीले गर्न पाउने कार्य मात्र गर्नु/गराउनु पर्नेछ।

८. माथि उल्लिखित शर्तहरुका अतिरिक्त विभागबाट कुनै थप निर्देशन भएमा सोको पालना गर्नुपर्नेछ।

.......................

( ................. )

शाखा अधिकृत

बोधार्थः

श्री घरेलु तथा साना उद्योग कार्यालय, .......प्रदेश, .....

श्री जिल्ला प्रशासन कार्यालय, .............।

श्री जिल्ला समन्वय समितिको कार्यालय, ........।

श्री ....गाउँ कार्यपालिकाको कार्यालय, ............. ।

## अनुसूची ३

(परिच्छेद-५ दफा ९(क) संग सम्वन्धित)

### सुरक्षात्मक उपकरणको विवरण

यात्रु सुरक्षाका लागि सञ्चालकककले गर्नुपर्ने व्यवस्था

क. साहसिक खेल बञ्जीमा सहभागी हुने खेलाडीका लागि बञ्जी सञ्चालक कम्पनीले Bungee Body Harness, Bungee Cord, Carabiners, Helmet, Platform, Bungee Jumping Rigging System Sneakers आदीको व्यवस्था गरेको हुनुपर्नेछ ।

ख. आपतकालिन अवस्था तत्काल उद्धार गर्नका लागि न्यूतम तालिम प्राप्त जनशक्तिको व्यवस्थापन गरेको हुनुपर्नेछ ।

ग. बञ्जी मास्टर वा अपरेटरले तालिम सञ्चालनका लागि अनुमति प्राप्त संस्थावाट तालिम प्राप्त गरेको अनुमति वा लाइसेन्स अनिवार्य रुपमा हुनुपर्नेछ ।

## अनुसूची ४

(परिच्छेद-५ दफा ९(ख) संग सम्वन्धित)

### वीमा सम्वन्धी व्यवस्था

क) यात्रुको मृत्यु विमा कम्तिमा १०(दश) लाखको हुनुपर्नेछ ।

ख) यात्रु अंगभंङ्ग/घाइते भएमा सम्बन्धित सञ्चालक/फर्म/कम्पनी/व्यक्तिले नै उपचार गर्नुपर्नेछ ।

ग) बञ्जी सञ्चालनको लागि आवश्यक पर्ने सूरक्षाका न्यूनतम मापदण्ड सञ्चालकले पूरा गर्नुपर्नेछ ।